साँगुरीगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भेडेटार, धनकुटा
१ नं. प्रदेश, नेपाल
२०७३

## ट्याक्टर 4WD आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०२/१२



१. यस कार्यालयलाई तपशिलमा उल्लेखित यान्त्रिक उपकरण आवश्यक परेकोले योग्य फर्म/कम्पनीहरुबाट खरिद गर्न यो दरभाउपत्र आह्वान गरिएको छ।

२. यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिन सम्म दरभाउपत्र फारम यस कार्यालयमा सम्बन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नं प्रमाणित प्रमाणपत्र, आ.व. २०७३/७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसारको तपशिलमा उल्लेख दस्तुर (पछि फिर्ता नहुने गरि) निवेदन साथ पेश गरेपछि नियमानूसार सिलबन्दी दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइनेछ।

३. सिलबन्दी गरिएको दरभाउपत्र यस कार्यालयमा प्रथम पटक प्रकाशित सूचनाले १६ औं दिन दिउँसो १२:०० बजे भित्र बुझाउनु पर्नेछ। ढिलो गरि प्राप्त भएमा स्वीकार गरिने छैन।

४. तोकिएको समय भित्र पेश भएका दरभाउपत्रहरु उपस्थित हुन चाहेका प्रस्तावकहरु वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा प्रथम पटक प्रकाशित सूचनाले १६ औं दिन दिनको २:०० बजे खोलिनेछ। प्रस्तावक वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. सिलबन्दी दरभाउपत्र खोलिएको दिन देखि गणना हुने गरि ४५ दिन सम्मको लागि मान्य हुनेछ। सिलबन्दी दरभाउपत्रको साथ जमानत बापतको धरौटी रकम यस कार्यालयको नाममा खोलिएको नेपाल बंगलादेश बैंक भेडेटार शाखामा रहेको धरौटी खाता नं. ०५२०००९२१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकले जारी गरेको कम्तिमा ७५ दिनको म्याद भएको निशर्त जमानत पेश गर्नुपर्ने छ।

५. सिलबन्दी दरभाउपत्र खरिद गर्ने र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम गरिनेछ।

६. कुनै वा सबै सिलबन्दी दरभाउपत्र पुरै वा आंशिक रुपमा स्विकार गर्ने वा अस्विकार गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहनेछ।

७. योग्य फर्म/कम्पनीहरुले यस सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको वेभ पेज www.sangurigadhimun.gov.np मा हेन वा यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सक्नेछन।

८ यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून अनुसार हुनेछ।

९. शिलबन्दी दरभाउपत्र सम्बन्धी कामको विवरण निम्नानुसार छ।

| सूचना नं. | कामको विवरण | धरौटी रकम | फाराम दस्तुर |
|---|---|---|---|
| ६ | ट्याक्टर 4WD (दरभाउपत्र पुस्तिकामा संलग स्पेशिफिकेसन बमोजिम) | ५०,०००/- | रु.१,०००/- |

७/११

प्रमुख प्रशासकीय अधिकृत
Chief Administrative Officer